वैठक संख्या २१

आज मिति २०७८ साल वैशाख २४ गते बुधवारका दिन आमचोक गाँउपालिका अध्यक्षं श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपसिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासनअधिकृत छैठौं | श्री वाबुराम के.सी. | |
| २१ | इन्जिनियर | श्री गजेन्द्र कुमार साह | |

२०७८।१।२४

प्रमुख प्रशासकीय अधिकृत

७८।१।२४

अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
१ नं प्रदेश

**प्रस्तावहरुः-**

१. कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रण सम्वन्ध ।
२. जनता आवास कार्यक्रमको भुक्तानी सम्वन्धमा ।
३. "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७८" स्वीकृत सम्वन्धमा ।
४. कृषि प्राविधिकको पारिश्रमिक भुक्तानी सम्वन्धमा ।
५. सडक निर्माणको भुक्तानी सम्वन्धमा ।
६. अपाङ्गता रोकथाम र पुनर्स्थापना कार्यक्रम सम्बन्धमा ।
७. न्यायिक समिति सल्लाहकारको पारिश्रमिक सम्वन्धमा ।
८. आर्थिक सहायता सम्वन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं १ माथि छलफल भै विश्वव्यापि रुपमा फैलिरहेको दोश्रो लहरको कोभिड १९ को संक्रमण रोकथाम र नियन्त्रण सम्वन्धमा स्थानिय कोभिड संक्रमण रोकथाम तथा नियन्त्रण समित, केन्द्रिय संकट व्यवस्थापन केन्द्र(CCMC) जिल्ला संकट व्यवस्थापन केन्द्र(DCMC) गरेको निर्णयलाई कार्यान्वयन गर्न सवै संयन्त्र परिचालन गर्ने र आमचोक गाउँपालिकामा विभिन्न क्षेत्र वा संक्रमित क्षेत्रवाट भित्रिने नागरिकलाई सम्वन्धित व्यक्तिका घरपरिवारसँग समन्वय गरि १० दिन सम्म छुट्टै रहि वस्ने, वसाउने प्रतिवद्धता र स्वघोषणा पत्रमा हस्ताक्षर गरि नाकामा रहने हेल्थडेस्कमा अभिलेख राख्ने व्यवस्था गर्ने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै जनता आवास कार्यक्रम २०७६/०७७ मा प्रदेश सरकारवाट आमचोक ३ थिदिङ्गा र संघीय सरकार मार्फत आमचोक ४ र ८ मा विपन्न दलित घरधुरी छनौट भई निर्माण कार्य सम्पन्न गरि सकिएको तथापी हाल सम्म १८३०००।०० एक लाख तिरासी हजार मात्र- भुक्तानी पाएको भन्ने गुनासो सहित लिखित, मौखिक निवेदन कार्यालयमा प्राप्त भएको हुँदा बाँकी रकम भुक्तानी गरिदिनु सहरी बिकास कार्यालय धनकुटालाई पत्राचार गर्ने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै **"संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७८"** स्वीकृत गर्ने निर्णय गरियो ।

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकावाट दैनिक ज्यालादारीमा सेवा करार गरि कृषि प्राविधिकहरु राखिएको र यस विषयमा उजुरी परी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या ०१/अनु १ ड/-८०२३१४८/०७७/०७८ च.न.१५१२५ मिति २०७७/११/०३ को पत्रवाट छाँनवीनको विषय भएतापनि यस कार्यालयको औचित्य र आवश्यकताको आधारमा सेवा करारमा राखिएको कृषि प्राविधिकहरुको पारिश्रमिक आमचोक गाउँपालिकाको गाउँसभा २०७८ ले पारित गरेको चालु तर्फ सेवा र परामर्श खर्च शीर्षकवाट हुने गरि भुक्तानी गर्ने निर्णय गरियो

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै आमचोक गाउँपालिका ८ मा ठेक्का नं. ARM/NCB/RW/2077/078-3 मार्फत निर्माण भएको सडक-३, बयाङ पावला आमवोटे दुम्माना सडक स्तरोन्नती आमचोक ५, दुम्माना

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालुवा, भोजपुर १ नं प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

जोगेपाथर सडक स्तरोन्नती आमचोक ९ र देउराली मगारमुखा किनुवा सडक मर्मत तथा निर्माण आमचोक वडा नं ८ मध्ये देउराली मगरमुखा किनुवा सडक मर्मत तथा निर्माण आमचोक ८, तर्फ अनुमानित ४०/५० मिटर सर्भेलाइन भन्दा वाहिर सडक खोलिएको हुँदा सो सम्वन्धमा स्थानीयवासीको जनगुनासो भएको अनुगमन समितिको अनुगमन, अनुगमन समितिको वैठक निर्णय र टिप्पणी आदेशमा योजना शाखाको रायसमेत पेश भएको हुदाँ अन्तिम भुक्तानीका लागि आवश्यक निर्णय हुन कार्यपालिकामा पेश भएको प्राविधिक कार्यसम्पादन मुल्यांकन सहितको फायल समेतका आधारमा सर्भेलाइन भन्दा वाहिर खोलिएको सडकको काम कट्टा गरि जनगुनासोलाई सम्वोधन गर्ने र पुनः प्राविधिक कार्यसम्पादन मुल्यांकन गरी सोही वमोजिम हुने गरि भुक्तानी गर्ने निर्णय गरियो ।

६. उपरोक्त प्रस्ताव नं. ६ माथि छलफल भै प्रसुति सेवा केन्द्र सुधृणिकरण गर्न अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा विनियोजित वजेट १,५०,०००।०० प्रसुति (सेवा) केन्द्र थिदिङ्गा सुधृणिकरणका लागि खर्च गर्ने निर्णय गरियो ।

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै गाउपालिकामा सेवा करार सम्झौता गरि न्यायिक समिति कानुनी सल्लाहकार राखिएको र यस विषयमा उजुरी परी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या ०१/अनु १ ड/-c०२३१४८/०७७/०७८ च.न.१५१२५ मिति २०७७/११/०३ को पत्रवाट छाँनवीनको विषय भएतापनि यस कार्यालयको औचित्य र आवश्यकताको आधारमा सेवा करारमा राखिएको कानुनी सल्लाहकारको पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

८. उपरोक्त प्रस्ताव नं ८ माथि छलफल भै तपसिल वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

क. भोजपुर न.पा. वडा नं ५ का वडाध्यक्ष जस वहादुर राई र वडा समिति सदस्य सरन बहादुर प्रधान सडक दुर्घटनामा परि उपचाररत रहेकोमा जिल्ला सम्वन्व समितिवाट समेत सहयोगका लागि अनुरोध भै आएकोमा रु ३०,०००।०० तीस हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ख. आमचोक ५ स्थायी ठेगाना भै क्लोन क्यानसरवाट पिडित भै उपचरारत श्री जसमाया राईको पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको हुँदा रु ३०,०००।०० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ग. आमचोक गाउँपालिका वडा नं ९ स्थायी ठेगाना भएका वीर वहादुर श्रेष्ठको छोरा मत्ति श्रेष्ठ कुपोषण भै पौषटिक आहारको अतिरिक्त उपचारमा नै लैजान पर्ने भएको स्वास्थ्य चौकी दुम्माना र ९ नं वडा कार्यालयको सिफारिस समेतको आधारमा पारिवारिक आर्थिक अवस्था कमजोर रहेका निजको उपचारका लागि रु १०,०००।०० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

घ. आमचोक गाउँपालिका वडा नं ८ स्थायी ठेगाना भएका रीता राई र राजेन्द्र राईका नावालक छोरा आरेस राई मुटु रोगवाट पिडित भै शल्यकृया गर्नपर्ने भएकोले पारिवारिक आर्थिक अवस्था न्यून रहेका निजको उपचारका लागि रु १०,०००।०० दश हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष